## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले मिति २०८१ श्रावण २१ गते काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना अन्तर्गत काठमाडौंबाट निजगढतर्फ निस्कने १.७२८ कि.मि. दूरीको धेद्रे सुरुङको ब्रेकथ्रु गर्नुभएको छ। साथै सो अवसरमा उहाँले लेनडाँडा र धेद्रे सुरुङमार्ग तथा उक्त इलाकामा निर्माणाधीन पुल एवम् संरचनाहरूको निरीक्षण समेत गर्नुभयो।

उक्त सुरुङ ब्रेकथ्रु कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रिय गौरवको यस आयोजनाले नेपालको अर्थतन्त्रमा विशेष महत्त्व राख्ने उल्लेख गर्नुभयो। साथै यो आयोजनाले प्रविधि हस्तान्तरण र आधुनिक प्रविधिको प्रयोगमा नयाँ अनुभव हासिल गर्न सघाउ पुगेको बताउनुभयो। विगतको तुलनामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य प्रगति भएको स्मरण गर्नुहुँदै उहाँले यी क्षेत्रका काम अगाडि बढाउन सक्षम जनशक्ति आवश्यक पर्ने उल्लेख गर्नुभयो। आयोजनामा आउने जस्तोसुकै बाधा व्यवधानलाई नेपाल सरकारको तर्फबाट समाधान गर्ने विषयमा आश्वस्त पार्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले जग्गा प्राप्तिमा रहेका अवरोधहरू हटाँउदै तीव्र गतिमा आयोजना सम्पन्न गर्न सरकारको तर्फबाट पूर्ण सहयोग रहने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। यस अवसरलाई सम्माननीय प्रधानमन्त्रीज्यूले खुशीको क्षणको रूपमा लिनुहुँदै आयोजनाको काममा खटिने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै भइरहेका कामलाई समयमै गुणस्तरीय तवरले सम्पन्न गर्न समेत सम्बन्धित निकायहरूको ध्यानाकर्षण गर्नुभयो।

उक्त कार्यक्रममा आयोजना निर्माणको हालसम्मको प्रगति अवस्थाको बारेमा नेपाली सेनाको तर्फबाट प्रस्तुतीकरण गरिएको थियो। जसअनुसार आयोजनाको हालसम्मको भौतिक प्रगति ३५.३८ प्रतिशत रहेको छ। आयोजना वि. सं.२०८३ चैत्रसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

कार्यक्रममा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यू, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यू, माननीय रक्षा मन्त्रीज्यू, सम्माननीय प्रधानन्त्रीज्यूका मुख्य सल्लाहकारज्यू, नेपाल सरकारका मुख्यसचिवज्यू ,नेपाली सेनाका प्रधानसेनापतिज्यू, नेपालका लागि जनवादी गणतन्त्र चीन र दक्षिण कोरियाका महामहिम राजदूतज्यूहरू तथा उच्चपदस्थ कर्मचारीको समेत उपस्थिति रहेको थियो ।

प्रेमप्रसाद आचार्य
प्रवक्ता

२०८१ श्रावण २१ गते, सोमबार

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np